# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन ३ गते २०५९ साल अतिरिक्ताङ्क ३४ (क)

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

### कारागार सुधार समिति (गठन) आदेश, २०५९

विकास समिति ऐन, २०१३ को दफा ३ लें दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "कारागार सुधार समिति (गठन) आदेश २०५९' रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ वमोजिम गठित कारागार सुधार समिति सम्झनुपर्छ ।

(ख) "कारागार" भन्नाले कारागार ऐन, २०१९ वमोजिम कैदी वा थुनुवालाई राख्नका लागि वनाइएको वा तोकिएको घर, कोठा, ठाउँ वा चर्चेको जमीन समेतलाई जनाउँछ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिव समेतलाई जनाउँछ ।

(च) "तोकिएको" वा तोकिए वमोजिम" भन्नाले यो आदेश वा यस आदेश अन्तर्गत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ ।

३. कारागार सुधार समितिको गठन : (१) नेपाल अधिराज्यका कारागारहरुको निर्माण, मर्मत, सम्भार तथा सुधार गरी कारागारहरुलाई सुधार गृहमा परिणत गर्न "कारागार सुधार समिति" नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | गृह मन्त्री वा गृह राज्यमन्त्री | - | अध्यक्ष |
| (ख) | श्री ५ को सरकारवाट मनोनीत एकजना | - | उपाध्यक्ष |
| (ग) | श्री ५ को सरकारद्वारा मनोनीत दुईजना | - | सदस्य |
| (घ) | प्रतिनिधि ( रा.प. प्रथम श्रेणी), भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - | सदस्य |
| (ङ) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), अर्थ मन्त्रालय | - | सदस्य |
| (च) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), भौतिक योजना तथा निर्माण मन्त्रालय | - | सदस्य |
| (छ) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | - | सदस्य |
| (ज) | प्रतिनिधि (रा.प. प्रथम श्रेणी), गृह मन्त्रालय | - | सदस्य |
| (झ) | प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | - | सदस्य |
| (ञ) | महानिर्देशक, कारागार व्यवस्थापन विभाग | - | सदस्य-सचिव |

(३) मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कारागारहरुको लागि आवश्यक पर्ने सामग्रीहरु (लजिस्टिक), कारागार भवनहरु, कारागार कार्यालय, सुरक्षा कार्यालय, आवास गृह, सुरक्षा वुर्जा, कारागार अस्पताल, कारागार उद्योग लगायतको भौतिक संरचनाको निर्माण, मर्मत संभार, सुधार, विकास तथा व्यवस्थापनको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ,

(ख) घना शहरको मध्य भागमा रहेका कारागारहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न श्री ५ को सरकारलाई सुझाव दिने ,

(ग) कारागार सञ्चालन गर्न अनुपयुक्त देखिएका स्थानमा रहेको कारागारको सम्पत्तिको मूल्याङ्कन गरी दिगो आय आर्जनको श्रोतको रुपमा विकास गर्ने वा वेचविखन गर्ने वा वैकल्पिक उपयोग गर्ने, गराउने सम्वन्धमा आवश्यक योजना तथा कार्यक्रम तयार गरी श्री ५ को सरकारमा पेश गर्ने,

(घ) श्री ५ को सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थावाट प्राप्त सहयोग र साधन श्रोतका आधारमा तयार गरिने कारागार सुधार सम्वन्धी विभिन्न कार्यक्रमहरु कार्यान्वयन गराउने,

(ङ) कारागारहरुको ऐतिहासिक पक्ष, दण्ड सुधार, कारागार सुधार जस्ता विषयहरुको अध्ययन, अनुसन्धान गर्नका साथै तत्सम्वन्धी पुस्तक, लेख आदि प्रकाशन, प्रर्दशन एवं सूचना पद्धतिको स्थापना गर्ने, गराउने,

(च) कैदीहरुलाई सीप सिकाई आय आर्जन गर्न सक्ने गरी क्षमता वृद्धि गर्दै लगी समाजमा पुनःर्स्थापना हुन सक्ने व्यवस्थाको लागि विभिन्न सीपमूलक कार्यक्रमहरु संचालन गर्ने गराउने ,

(छ) समितिको वार्षिक वजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने,

(ज) कारागार सम्वन्धी ऐन, नियममा समयानुसार सुधार तथा परिमार्जन गर्न श्री ५ को सरकारलाई सुझाव दिने ,

(झ) कारागार सुधारमा नागरिक समाजका सदस्यहरुलाई सहभागी गराई आवश्यक कार्यहरु गर्ने ,

(ञ) कारागारलाई उत्पादक मूलक निकायको रुपमा विकास गर्न आवश्यक हुने कार्यहरु गर्ने ,

(ट) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको वैठक सम्वन्धी कार्यविधि : (१) समितिको वैठक वर्षमा कम्तीमा ६ पटक वस्नेछ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ र वैठक वस्ने सूचना वैठक वस्नु भन्दा सामान्यतया १५ (पन्ध्र) दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(६) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

(७) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

६. सदस्य सचिवको काम, कर्तव्य र अधिकार : (१) अध्यक्षको सामान्य निर्देशनमा रही सदस्य सचिवले समितिको दैनिक प्रशासन, कर्मचारी प्रशासन र आर्थिक प्रशासन संचालन गर्नेछ।

(२) समितिको निर्णय कार्यान्वयन गर्नु गराउनु, समितिको सम्पत्तिको हिफाजत गर्नु सदस्य सचिवको कर्तव्य हुनेछ।

७. समितिको कोष : (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ। कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारवाट प्राप्त रकम,

(ख) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थावाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले अनुदान वा सहायता स्वरुप प्रदान गरेको रकम,

(घ) अन्य श्रोतवाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ख) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको नामवाट गरिने सवै खर्च उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिने छ।

(५) समितिको खाता सदस्य सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतवाट संचालन हुनेछ।

८. समितिको लेखा र लेखापरीक्षण : (१) समितिको आय व्ययको लेखा प्रचलित कानून वमोजिम राख्नु पर्नेछ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभागवाट हुनेछ।

(३) श्री ५ को सरकारले समितिको आय व्ययको लेखा तत् सम्वन्धी कागजात र अरु नगदी जिन्सी जुनसुकै वखत जांच्न वा जांच्न लगाउन सक्नेछ।

उपसमिति, कार्य टोली गठन गर्न सक्ने : (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत वनेको नियम वमोजिम आफूले गर्नुपर्ने काम गर्न गराउनको निम्ति आवश्यकतानुसार उप समिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम गठन हुने उप समिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके वमोजिम हुनेछ।

१०. वैठक भत्ता तथा अन्य सुविधा : समिति, उपसमिति वा कार्यटोलीका सदस्यहरुले श्री ५ को सरकारले तोके वमोजिम वैठक भत्ता तथा सुविधा पाउनेछन्।

११. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा गृह मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१२. समितिको कार्यालय : समितिको कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ।

१३. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, उपसमिति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. निर्देशन दिन सक्ने : श्री ५ को सरकारले समितिको कामसँग सम्वन्धित विषयमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. नियम वनाउने अधिकार : यस आदेशको उद्देश्य प्राप्तिका लागि समितिले आवश्यक नियमहरु वनाउन सक्नेछ र श्री ५ को सरकारवाट स्वीकृत भए पछि मात्र त्यस्ता नियमहरु लागू हुनेछन् ।

आज्ञाले,

टीका दत्त निरौला

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार